
# रोमका विश्वासीहरुलाई पत्र

रोमीको पुस्तक पावल प्रेरितले रोममा रहेका मण्डलीहरुलाई लेखेको पत्र हो। नयाँ करारमा पावल प्रेरित र अन्य प्रेरितहरु र मण्डलीका अगुवाहरुले लेखेका धेरै पत्रहरु छन्। पावलले आफ्ना धेरैजसो पत्रहरु मण्डलीहरुलाई लेखेका थिए जुन उनले सुरु गर्न मद्दत गरेको वा पहिले भ्रमण गरेको थिए। रोमका मण्डलीलाई उनले लेखेको पत्र फरक थियो। पावल त्यहाँ कहिल्यै गएको थिएनन् तर चाँडै जाने योजना थियो। त्यहाँ मण्डलीहरुमा उहाँको धेरै मित्रहरु पनि थिए र तिनले त्यहाँ विश्वासीहरुको विश्वास बारे र केही चुनौतीहरु बारे समाचार प्रप्ता गरे।



**लेखक:** प्रेरित पावल

**पत्र लेखेको मीति:** ५५-५७ AD बीचमा लेखिएको थिए।


**मूल दर्शक:** रोममा रहेका येशूको अनुयायीहरु

**पत्रको उद्देश्य:** पावलको मित्र फिबी रोममा यात्रा गर्ने योजना भएकाले र उनले पत्र त्यहाँ रहेका विश्वासीहरुलाई दिन सक्थ्यो। किंक्रिया मण्डलीमा फिबी सेविकाको काम गर्छिन्।(१६:१) पावल छिट्टै रोममा जाने योजना गरेका थिए र त्यहाँका विश्वासीहरुले पावललाई स्पेनमा सुसमाचार लैजान सहयता गरेको चाहन्थ्यो। तर पावलले पत्र लेख्नु सबैभन्दा महत्वपूर्ण विषय चाहिँ रोम मण्डलीमा रहेका यहूदी विश्वासीहरु र गैर-यहूदी विश्वासीहरुमा एकता भएका चाहन्थे। पावलले परमेश्वरसँग तिनीहरुलाई, "सहने शक्ति र उत्साह दिने परमेश्वरले नै तिमीहरूलाई येशू ख्रीष्टको चालमा चल्ने र एकै मनको हुने शक्ति देऊन्। यसरी तिमीहरु सबैबाट एकै मनको भएर एउटै सोरमा हाम्रा प्रभु येशू ख्रीष्टका पिता र परमेश्वरको जय-जयकार हुन सकोस्।" (रोमी १५:५-६)

**पत्रको मुख्य सन्देश:** पावलले रोमका मण्डलीमा रहेको यहूदी र गैर-यहूदीहरु बीचका असहमति कुराहरु सुन्नपुग्छ। यहूदी विश्वासीहरुले अन्यजातिहरुलाई यहूदी चलनहरु जस्तै: खतना, शबाथ, खाना सम्बन्धि नियमहरु पालन गरेको चाहन्थे। पावलले विशेष ती असहमतिहरु बारे अफ्नो पत्रमा उल्लेख गर्छ, तर अझ महत्वपूर्ण चाहिँ सुसमाचारले दुवै यहूदी र गैर-यहूदीहरुलाई परिवर्तन गरेको छ। पावलले उनको पत्रको सुरुमा, पावलले लेख्छन्, "मलाई यो सुसमाचार सुनाउन लाज लाग्दैन कारण विश्वास गर्ने जति पहिले यहूदी अनि अन्य जातिका मानिसलाई यो सुसमाचार परमेश्वरको मुक्ति दिने शक्ति हो। किनकि सुसमाचारमा परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ, त्यो धार्मिकता जोचाहिँ सम्पूर्ण रूपले विश्वासद्वारा नै आउँछ। यस्तो लेखिएको छ, 'धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ।'" (१:१६-१७)

**पावल प्रेरित शिक्षणको रुपरेखा:**

1. सुसमाचारले परमेश्वरको धार्मिकता प्रकट गर्छ (अध्याय १–४)
   - परिचय र अभिवादन (१:१–१५)
   - सम्पूर्ण पत्रमा पावलको मुख्य विषयवस्तु (१:१६–१७)
   - सबै मानिसहरु पापमा फसेका छन् (१:१८–३२)
   - यहूदी मानिसहरु पनि पापमा फसेका छन् (२:१-३:८)
   - तर, यहाँ राम्रो/असल समाचार छ! (३:९-२६)
   - परमेश्वरले इस्राएलीहरुलाई आफ्नो प्रतिज्ञा पूरा गर्नुभएको छ। (३:२७-४:२५)
2. सुसमाचारले नयाँ मानवता सृजना गर्दछ (अध्याय ५–८)
   - येशूको मृत्यद्धारा मानिस परमेश्वरसँग सिद्ध भएको छ (५:१–२१)
   - पापमा मृत्यु र ख्रिष्टमा जीवन (६:१–२३)
   - पुरानो व्यवस्था र परमेश्वरको आत्मा (७:१–८:११)
   - आत्मामा जीवन र नयाँ सृष्टि (८:१२–३९)



3. सुसमाचारले इस्राएलीहरुलाई परमेश्वरको प्रतिज्ञा पूरा गरेको छ (अध्याय ९–११)
    - इस्राएलीहरुको इतिहास (९:६–२९)
    - वर्तमानमा इस्राएलीहरुप्रति परमेश्वरको विश्वासयोग्यता (९:३०-१०:२१)
    - इस्राएलको भविष्य (११:१-३६)
4. सुसमाचारले मण्डली एकताबद्ध गर्छ (१२–१६)
    - प्रेमद्धारा एकता (१२:१–१३:३६)
    - एकताद्धारा एकले अर्कालाई अनुग्रह (१४:१–१५:१३)
    - पावलको यात्रा बारे योजना र समापन अभिवादन (१५:१४–१६:२७)

### होइन!

पावल प्रेरितले कहिले काहिँ यस्तो स्तब्ध हुने किसिमको प्रश्नहरु सोध्छ कि पठकहरुले “होइन” भनेर जवाफ दिएको अपेक्ष राक्छ। यी प्रश्नहरुले पावलले आफ्नो विषयलाई अझै बढो स्पष्ट पार्न सहयता गर्छ। यहाँ केही उदाहरणहरु छन्: हामी के भनौं? के परमेश्वरको क्रोध हामीमाथि आइपर्दा उहाँले अन्याय गर्नुहुन्छ?(३:५), उसो भए के हामी यहूदीहरू अझ असल छौं त?(३:९) अब हामी के भनौं? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौं त? (६:१) हामीले के भन्ने त? व्यवस्था पाप हो? (७:७)

## रोम

रोम चाहिँ सम्पूर्ण रोमी साम्राज्यको मुख्य शहर थियो। यो पहिलो शतब्दीमा एक गजबको शहर थियो। धेरै ठाउँहरु भन्दा फरक, शहरमा सफा पानी, राम्रो ढाल प्राणली, सार्वजनिक शौचालय, पक्का सडक, पुस्तकालयहरु, अग्लो भवनहरु र ठूला स्मारकहरु र थिएटरहरु थियो। यो अचम्मको शहरले विभिन्न संस्कृति र भाषाका मानिसहरुलाई सँगै बस्न आकर्षित गर्थ्यो। इतिहासकारहरुले त्यहाँका जनसङ्ख्या करिब १० लाख मानिस रहेको अनुमान गरेका छन्। रोमका मण्डलीमा यहूदी विश्वासीहरु र अन्य धेरै पृष्ठभूमि र संस्कृतिका विश्वासीहरु थिए।

## धार्मी बन्नु

पावलले रोमीहरुलाई लेखेको पत्रमा “धार्मिकता” र “निर्दोष ठहरिनु” शब्दहरु धेरै पटक प्रयोग गरेका छन्। पावलले स्पष्ट पर्छन् कि सबै मानिसले पाप गरेका छन् (३:२३)। त्यसकारण, हामी हाम्रो पापको कारण मृत्युको योग्य छौं। तैपनि परमेश्वरले हाम्रा निम्ति आफ्नो प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रिष्ट हाम्रा निम्ति मर्नुभयो।”(५:८)। अन्तमा, पावलले बताउँछ कि, धार्मिकता हुनुमा हाम्रा थोरै मात्र भुमिका रहन्छ। पावलले भन्नुहुन्छ, “किनभने हामी हृदयले विश्वास गरेर नै परमेश्वरको सामु ठीक ठहरिन्छौं अनि विश्वास गरेका कुरा आफ्नै मुखले अरुलाई सुनाएर बचाइन्छौं।”(१०:१०) किनभने परमेश्वरले हामीलाई धार्मी बनाउनुभयो, अब हामी आफ्नो सम्पूर्ण जीवन उहाँलाई अर्पण गर्छौं र उहाँको हरेक आज्ञा पालन गर्छौं। (१२:१-२) यहीँ नै सुसमाचार हो! यही नै पावलले भनेको कुरा हो, “मलाई यो सुसमाचार सुनाउन लाज लाग्दैन कारण विश्वास गर्ने जति पहिले यहूदी अनि अन्यजातिका मानिसलाई यो सुसमाचार परमेश्वरको मुक्ति दिने शक्ति हो।”(१:१६)

पावलले यो पत्र फिबीकोसाथ रोमका मण्डलीहरुलाई पठाए। उसले यो पत्रलाई मण्डलीहरुको निम्ति पढेको हुनसक्छ वा अन्य अरु कसैलाई पढ्नको लागि हस्तान्तरण/दिएको गरेको हुन सक्छ। हामीले पावलको पत्रहरु पढ्नुपर्छ जसरी हामी आज एउटा पत्र वा सन्देश पढ्छौं: सुरुदेखि अन्त्यसम्म। रोमीको पुस्तक सबै पढ्न समय लिनुहोस्; त्यसपछि फेरी सबै खण्डहरु विस्तारमा पढ्नुहोस्। ध्यान दिइकन यी प्रश्नहरुको छलफल गर्नुहोस्:

1. हामी यी खण्डहरुमा परमेश्वर, येशू र पवित्र आत्माको बारे के सिक्छौं?
2. मानवताको बारे हामी यी खण्डहरुमा के सिक्छौं?
3. परमेश्वरप्रति आज्ञाकारी हुन मैले के गर्नुपर्छ?
4. के यहाँ कुनै विश्वास वा कार्य मैले परिवर्तन गर्न आवश्यक छ?
5. मैले यी खण्डहरु कसलाई बताउन सक्छु?

